# जिल्ला समन्वय समितिको कार्यालय, जाजरकोट

## ६ नं. प्रदेश, नेपाल

प.स.:- २०७३/७४ मितिः- २०७३/१२/१४

च.न.:- १४९२

**विषय : कालो सूचिमा राख्न सिफारिश गरिएको सम्वन्धमा ।**

श्री सार्वजनिक खरिद अनुगमन कार्यालय,
ताहाचल,काठमाण्डौ ।

प्रस्तुत विषयमा यस जिल्ला स्थित मोर्कखोला सडक पूल निर्माणको लागि मिति २०६९।३।२५ मा ठे.नं.RTISWap/NCB/W/MB/jajarkot/DDC/08/068/069 बाट श्री सर्वोद्धार फ्राइण्डस जे.भी.कम्पनीसंग भएको सम्झौता बमोजिम १८ महिनाको सम्झौता अवधिमा विभिन्न कारणहरु देखाई ३ पटकसम्म गरी ३ बर्ष १ महिना ६ दिन थप गरी सम्झौता अवधि २०७३।१०।३० सम्म कायम रहेको थियो । उक्त अवधिसम्म म्याद रहेता पनि निर्माण व्यबसायी २०७३ श्रावण देखि नै साइट छोडी वीचैमा काम छोडेकोमा यस कार्यालयबाट राष्ट्रियस्तरको "नयाँ पत्रिका" दैनिकमा मिति २०७३।११।३ मा ७ दिने र मिति २०७३।११।१८ मा १५ दिने सुचना प्रकाशन गरिएको थियो । निर्माण व्यवसायी जे.भी.पार्टनरको रुपमा उपस्थित नभई पृथक कम्पनीको रुपमा एक अर्कोलाई दोष लगाउने एवं आफ्ना प्रतिनिधिहरुको कारणले निर्माण कार्य ढिलाइ एवं काम नभएको विभिन्न बहानाबाजी गरेको २०७३ आषाढ पछि काम छोडी हिडेको र कार्य सम्पादन गर्ने विश्वसनीय आधार निवेदनहरुको अध्ययनबाट नदेखिएकोले ठेक्काको म्याद समाप्त भैसकेको, म्याद थपको लागि निवेदन समेत प्राप्त हुन नआएको एवं म्याद थप गर्नु पर्ने औचित्यपूर्ण आधार समेत नदेखिएको हुदाँ यस कार्यालयको मिति २०७३।१२।१३ को निर्णायानुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(२),(३),(७) र (८) एवं सम्झौताको दफा १२ र १३ अनुसार ठेक्का सम्झौताको अन्त्य गरी सोही ऐनको दफा ६३ एवं नियमावली २०६४को नियम १४१ एवं सम्झौताको दफा १७ बमोजिम तहाँ मार्फत कालो सूचिमा राख्नको लागि सिफारिश गर्ने निर्णय भएकोले आवश्यक फर्म भरी ठेक्का कागजातहरु रहेको पंजिका अनुसारको फाइल थान १( एक) यसै साथ संलग्न गरी पठाइएको छ । निर्णय भएपछि जानकारी उपलब्ध गराइ दिन हुन अनुरोध गर्दछु ।

(रुद्रप्रसाद पाण्डेय)
स्थानीय विकास अधिकारी

**बोधार्थ :**

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
(आ.प्र.शाखा) सिंहदरबार, काठमाण्डौं ।

श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग,
यातायात पूर्वाधार क्षेत्र विकास कार्यक्रम, पूल्चोक ललितपूर ।

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत ।